बैठक नं.१

आज मिति २०८०/०४/०१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद प्रंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती बि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

प्रस्ताव नं.१.१
मिति २०८०/३/३१ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
निर्णय नं.१.१

- बुटवल उपमहानगरपालिकाको स्वास्थ्य शाखा तर्फ कामकाज गर्ने गरी खटिई आएका कर्मचारीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त पत्र बमोजिम फिर्ता पठाउने निर्णय लिईएको ।
- बुटवल उपमहानगरपालिकाको आ.व.०८०/०८१ का लागि नगर दररेट स्वीकृत गरिएको ।

प्रस्ताव नं.१.२
फोहोर व्यवस्थापनको क्षेत्र विस्तार सम्बन्धमा ।
निर्णय नं.१.२
बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको सरसफाई तर्फ कार्यरत हालको मौजुदा जनशक्तिबाट ठूलो भु-भाग भएका कारण सरसफाईको कार्य प्रभावकारी रुपमा संचालन एवं कार्यान्वयन हुन नसकेको हुँदा नगरका केही वडाहरु निजी क्षेत्र वातावरणीय सुन्दर नेपाल प्रा.लि.मार्फत कार्यान्वयन भइरहेको छ । सरसफाईलाई थप व्यवस्थित गर्नका लागि वडा नं.९, १० र ११ वडाको केही भागमा समेत हाल अन्य वडाहरुमा कार्यान्वयनमा रहेको सरसफाई सम्बन्धमा भएको मौजुदा सम्झौताकै सेवा शर्त तथा प्रावधानका आधारमा सो संस्थाले स्वीकार गरेमा उक्त संस्थालाई दिने र स्वीकार नगरेमा वैकल्पिक व्यवस्था गरी सरसफाईको वन्दोवस्ती गर्ने निर्णय गरियो ।
प्रस्ताव नं.१.३
प्रमुखज्यूलाई सम्झौता गर्नका लागि अख्तियारी दिने सम्बन्धमा ।
निर्णय नं.१.३
मिति २०८०/३/७ मा वसेको बुटवल उपमहानगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशनको दोस्रो बैठकबाट स्वीकृत वार्षिक नीतिको बुदा नं.२९३ बमोजिम नगर विकास कोषसंग सहकार्य गरी लुम्बिनी वस टर्मिनल क्षेत्र भित्र व्यवस्थित पार्किङ्ग भवन र व्यावसायिक कोशेली भवन निर्माण गरिनेछ भनी उल्लेख भएको । मिति २०८०/३/१३ मा वसेको नगरसभाको तेह्रौं अधिवेशनको चौथो बैठकको समसामयिक विविध प्रस्तावको निर्णय नं.१३.७.१२ को बुदा नं.२१ ले बुटवल उपमहानगरपालिका वडा नं.९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा पार्किङ्ग व्यवस्थापनका लागि नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा भौतिक सुविधा सहितको आधुनिक बहुतले पार्किङ्ग भवन र व्यावसायिक कोशेली भवन निर्माण प्रकिया तत्काल अगाडि बढाउने गरी यस नगर कार्यपालिकालाई अधिकार सहित निर्देशन भएको हुँदा उल्लेखित आधुनिक बहुतले पार्किङ्ग भवन निर्माणका लागि ऋण तथा अनुदान सहयोग लिनका लागि नगर विकास कोषमा गई आवश्यक सम्झौता गर्न यस बुटवल उपमहानगरपालिकाका नगर प्रमुख श्री खेलराज पाण्डेयज्यूलाई सम्पूर्ण अधिकार सहित अख्तियार दिई सम्झौता गर्न अनुरोध गरी पठाउने निर्णय गरियो ।
प्रस्ताव नं.१.४
कवाड व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं.१.४
बुटवल उपमहानगरपालिका क्षेत्र भित्र औद्योगिक र आवासीय भवनहरुबाट निस्कासन हुने पुर्नप्रयोग (कवाड) योग्य मालसामानहरुको व्यवस्थापन गर्न आवश्यक भएको र राजश्वको

दायरामा ल्याउन समेत उपर्युक्त ठानिएको हुँदा त्यस्ता पूर्नप्रयोग योग्य व्यवसायीहरुलाई स्वीकृत दरको परिधिभित्र रही करको दायरामा ल्याई व्यवस्थापन गर्नका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१.५ विविध ।**

**प्रस्ताव नं.१.५.१**

**गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं.१.५.१**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं.७४८ मिति २०७९/१०/२४ को गुनासो सुनुवाई कार्यक्रम सम्बन्धी प्राप्त पत्रानुसार गरिव परिवारको प्रारम्भिक सुची प्रकाशन गरी तोकिएको समय भित्र पर्न आएका गुनासो उजुरीका सन्दर्भमा गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्ग दर्शन, २०७८ को अनुसुची २ अनुसार पर्न आएका निवेदनको विवरण एकीन गर्न स्थलगत अनुगमनबाट अनुसुची ६ बमोजिमको विवरण भरिएका ५१ (एकाउन्न) जना व्यक्तिहरुलाई आवश्यक कार्यका लागि भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१.५.२**

**बुटवलको लोगो तयारी सम्बन्धमा ।**

**निर्णय नं.१.५.२**

ऐतिहासिक, व्यापरिक एवं औद्योगिक नगरीको रुपमा परिचित यस बुटवल उपमहानगरपालिकाको आफ्नो एक छुट्टै लोगो भएमा नगरको पहिचान स्थापित हुने भएकोले देहाय बमोजिम हुने गरी एक लोगोको डिजाईन गरी सिफारिस गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

नगर प्रहरीको लोगो भित्र वीचमा जितगढी किल्ला, दाया भागमा मणिमुकुन्द सेन र वाया भागमा कर्णेल उजिरसिंह रहने गरी लोगो तयार गर्ने निर्णय गरियो ।

उपमहानगरपालिकाको पहिचानको जनप्रतिनिधिको हकमा नगरको लोगो बनाउन सिफारिस गर्नका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री शिव राना, वडाध्यक्ष- वडा नं.१५ एवं प्रवक्ता - संयोजक
- श्री हरिप्रसाद आचार्य, अधिकृतस्तर आठौं तह, प्रशासन महाशाखा प्रमुख - सदस्य
- श्री सि.पि खनाल, प्रेस विज्ञ - सचिव

**प्रस्ताव नं.१.५.३**

**करारका कर्मचारी सम्बन्धमा ।**

**निर्णय नं.१.५.३**

यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विभिन्न शाखा र वडा कार्यालयहरु तर्फ देहायको तहहरुमा करार एवं दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको कार्य सन्तोषजनक नदेखिएको हुँदा नगरसभाको १३ औं अधिवेशनले निर्देश गरे बमोजिम २०८०/४/१ गते देखि लागु हुने गरी निजहरुको सेवालाई निरन्तरता नदिने र अन्यको हकमा २०८० पौष मसान्त सम्मका लागि म्याद थप गरी निरन्तरता दिने निर्णय गरियो ।

| सि.नं. | पद | नाम थर |
|---|---|---|
| १. | कम्प्यूटर अपरेटर पाँचौं तह | शिवा पोखरेल |
| २. | कम्प्यूटर अपरेटर पाँचौं तह | वविता क्षेत्री |

| | | |
|---|---|---|
| ३. | सहायक कम्प्युटर अपरेटर चौथौ तह | पवन चालिसे |
| ४. | कार्यालय सहयोगी | सुनिता क्षेत्री कुँवर |
| ५. | कार्यालय सहयोगी | लक्ष्मी वस्नेत |
| ६. | कार्यालय सहयोगी | विनोद रिजाल |
| ७. | सवारी चालक | चिरन्जीवी घिमिरे |
| ८. | कार्यालय सहयोगी | लक्ष्मी राना |
| ९. | कार्यालय सहयोगी | सिता चौधरी |
| १०. | कार्यालय सहयोगी | देविलाल वराल |

**प्रस्ताव नं.१.५.४**

**सहयोग एवं स्वास्थ्य लाभ सम्बन्धमा ।**

**निर्णय नं.१.५.४**

यस बुटवल उपमहानगरपालिकाका पूर्व उपप्रमुख श्री रामप्रसाद खनाल र वडा नं.३ का दलित महिला सदस्य श्री रतिमाला वि.के. अस्वस्थ हुनु भएको हुँदा निजहरुलाई क्रमशः जनही रु.५१ हजारका दरले सहयोग उपलब्ध गराउने निर्णय गरियो । साथै यो बैठक दुवै जनाको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ ।

**प्रस्ताव नं.१.५.५**

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको धर्मपत्नि सीता दाहालको मिति २०८०/३/२७ गतेका दिन असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा यो बैठक हार्दिक समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।